# स्थानीय राजपत्र

**रैनादेवी छहरा गाउँपालिकाद्वारा प्रकाशित**

**खण्डः ४, रैनादेवी छहरा, मितिः २०८०/०४/२९, संख्याः १**


## भाग–२

## रैनादेवी छहरा गाउँपालिका

## कार्यविधिको नाम : रैनादेवी छहरा गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०८०

गाउँ कार्यपालिकाबाट पारित मितिः २०८०/०४/२६

**<u>प्रस्तावनाः</u>** रैनादेवी छहरा गाउँपालिकाभित्र खासगरी स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका बासिन्दाहरूलाई स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच पुऱ्याउनका लागि एम्बुलेन्स सेवा सञ्चालनलाई पारदर्शी, सरल, भरपर्दो र पहुँच बढाई स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(२) को अधिकार प्रयोग गरी रैनादेवी छहरा गाउँपालिकाले देहायको निर्देशिका जारी गरेको छ।

## परिच्छेद-१

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क. यो निर्देशिकाको नाम "एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०८०" रहने छ।

ख. यो निर्देशिका गाउँ कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागु हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

क. "एम्बुलेन्स" भन्नाले बिरामी ओसार्ने स्वीकृती प्राप्त गरेको बाहन सम्झनु पर्दछ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र परिचारिका समेतलाई जनाउँछ।

ख. "एम्बुलेन्स जनशक्ति" भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्दछ।

ग. "चालक" भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्दछ।

घ. "गाउँपालिका" भन्नाले रैनादेवी छहरा गाउँपालिका सम्झनु पर्दछ।

ङ. "सेवा शुल्क" भन्नाले एम्बुलेन्स प्रयोग गरे बापत सेवाग्राहीले बुझाउनु पर्ने गरी समितिले तोकेको शुल्क सम्झनु पर्दछ।

च. "सेवा" भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पूर्ण सेवा सम्झनु पर्दछ।

३. **एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति :**

एम्बुलेन्स सेवा सञ्चालनको अनुगमन तथा रेखदेख गर्न देहायका पदाधिकारीहरू रहेको एक गाउँ एम्बुलेन्स अनुगमन समिति रहनेछ।

क. गाउँपालिका अध्यक्ष - संयोजक

ख. प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी - सदस्य

ग. सामाजिक विकास समितिको संयोजक - सदस्य

घ. कार्यपालिकाको सदस्यहरूमध्ये महिला, दलित वा अल्पसङ्ख्यक समेतको प्रतिनिधित्व हुने गरी कार्यपालिकाले चयन गरेको २ जना - सदस्य

४. **एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समिति :**

१. गाउँपालिकाले खरिद गरी वा स्वास्थ्य चौकी आफैले सञ्चालन गर्ने हकमा देहायको एक एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ :

क. सम्बन्धित वडाको वडाध्यक्ष - संयोजक

ख. सम्बन्धित वडाको महिला सदस्य - सदस्य

ग. सम्बन्धित वडाको सचिव - सदस्य

घ. सम्बन्धित वडाको स्वास्थ्य चौकी प्रमुख -सदस्य सचिव

२. गाउँपालिका आफैले खरिद गरी वा गाउँपालिकाको अनुदानमा खरिद भएका एम्बुलेन्स उपदफा (१) बमोजिम गाउँपालिका आफैले सञ्चालन नगरी कुनै संघ संस्थालाई हस्तान्तरण गरेमा सो को सञ्चालन सोही संस्थाका व्यवस्थापन/कार्य समितिले सञ्चालन तथा व्यवस्थापन समितिको कार्य गर्नेछ।

३. उपदफा (२) बमोजिम कुन संघ संस्थालाई हस्तान्तरण भएमा वा संस्थासँग गाउँपालिकाले आवश्यक सम्झौता गरी हस्तानतरण गर्नेछ।

४. उपदफा (१) वा (२) बमोजिमको सञ्चालन तथा व्यवस्थापन समितिका कुल सदस्य सङ्ख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ।

५. समितिको बैठक आवश्यकता अनुसार बस्नेछ। समितिको बैठक भत्ता गाउँकार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

६. समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

**५. समितिका काम, कर्तव्य र अधिकार : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।**

क. एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रूपमा सञ्चालन गरे, नगरेको अनुगमन गर्ने।

ख. चालकले पालना गर्नुपर्ने आचारसंहिता लागु गराउने। यस निर्देशिका अनुसारका आचारसंहिता पालना नगर्ने चालकलाई चेतावनी दिई आचारसंहिता पालना गराउने। बारम्बार आचरण उल्लङ्घन गरेमा आवश्यकता अनुसार करार सम्झौता रद्द गर्ने।

ग. एम्बुलेन्स सेवाका बारेमा कुन गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने।

घ. जिल्लास्तरमा एम्बुलेन्स सम्बन्धी दररेट निर्धारण गर्ने निकायको सिफारिस बमोजिम आवश्यकता अनसार परिमार्जन गर्ने।

ङ. सरोकारवाला तथा अन्य संघ संस्थाहरूबिच आवश्यकता अनुसार एम्बुलेन्स सेवा बारे समिक्षा बैठक गर्ने।

च. गाउँपालिकाको विशिष्टतालाई ध्यानमा राखि एम्बुलेन्स सेवा सञ्चालनका लागि आवश्यक थप मापदण्ड बनाउने।

छ. चालकको अनुसूची बमोजिम सेवा शुल्क लिई बैंकमा दाखिला गरे/नगरेको समय समयमा निरीक्षण गर्ने।

ज. समितिको सदस्य सचिवले सेवा प्रवाह स्थितिको अद्यावधिक विवरण प्रत्येक वर्षको असार मसान्तमा गाउँकार्यपालिकामा पेश गर्नु पर्नेछ।

झ. रैनादेवी छहरा गाउँपालिका अन्तर्गत बसोबास गर्ने सेवाग्राही, गाउँकार्यपालिका अन्तर्गत कार्यरत कर्मचारीहरूलाई विशेष छुट दिने/नदिने निर्णय गर्नेछ।

**६. सेवा शुल्क सम्बन्धी व्यवस्था :**

१. एम्बुलेन्स सेवा प्रयोग गरे बापत सम्बन्धित सेवाग्राहीले अनुसूची-२ मा उल्लेख भए अनुसारको रकम सेवा शुल्कको रूपमा बुझाउनु पर्नेछ।

२. एम्बुलेन्स सेवा बापत उठेको रकम दफा (३) को उपदफा (१) बमोजिम सञ्चालन हुने भएमा गाउँपालिकाले र उपदफा (२) बमोजिम सञ्चालन हुने भएमा जुन संस्थालाई हस्तान्तरण गरिएको हो सोही संस्थाले एक अलग बैंक खाता/कोष खडा गरी त्यसमा जम्मा गर्नेछ।

३. सेवा दिए बापत लिइने सेवा शुल्क नगदी रसिद काटि बैंक खातामा जम्मा गर्ने जिम्मेवारी सम्बन्धित चालकको हुनेछ।

४. सो कोष सञ्चालन, सञ्चालन तथा व्यवस्थापन समितिको निर्णयानुसार हुनेछ। कोषको रकम सामान्यतया चालकको तलब भत्ता, इन्धन, एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा रहने अति आवश्यक सामग्री लगायतको खरिदमा खर्च गरिनेछ।

**७. चालकको नियुक्ति र सेवा सुविधा :**

१. एम्बुलेन्स सेवा सञ्चालनका लागि स्वास्थ्य चौकी व्यवस्थापन समितिले एक जना योग्य चालक सेवा करारमा नियुक्ति गर्नेछ।

२. चालकको पारिश्रमिक सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

३. भालकको पाँच लाख रुपैयाँ (रु. ५,००,०००/-) सम्मको दुर्घटना बिमा गरिनेछ। बिमाको प्रिमियम बापतको रकम यस निर्देशिका बमोजिमको कोषबाट व्यहोरिनेछ।

४. चालकले पालना गर्नुपर्ने आचारसंहिता अनुसूची-२ बमोजिम हुनेछ।

५. एम्बुलेन्स सेवा सुचारु हुँदा चालकलाई भत्ता बापत रकमको १०% कोषबाट उपलब्ध हुनेछ।

६. चालकलाई सञ्चालक समितिको निर्णयले थप अन्य सुविधा उपलब्ध हुन सक्नेछ।

**८. एम्बुलेन्स रहे स्थान र सोको मर्मत सम्भार :**

१. दफा (४) को उपदफा (१) र दफा (४) को उपदफा (२) बमोजिम सञ्चालन हुने एम्बुलेन्सको हकमा सम्बन्धित संस्थाको हातामा रहनेछ।

२. एम्बुलेनसको नियमित मर्मत सम्भार गर्ने जिम्मेवारी चालकको हुनेछ र मर्मत गर्नु पर्ने भएमा बढीमा महिनामा रु. ५,०००/- (पाँच हजार रुपैयाँ) सम्मको इष्टिमेट अनुसारको मर्मत दफा (४) को उपदफा (१) वा (२) बमोजिमको समितिको निर्णयानुसार हुनेछ। सो भन्दा बढीको मर्मत भएमा उक्त समितिको सिफारिसमा दफा (३) को समितिले निर्णय गरे बमोजिम हुनेछ।

३. एम्बुलेन्स चालु अवस्थामा राख्ने जिम्मेवारी चालकको हुनेछ।

**९. विविधः**

१. एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधिको विवरण अनुसूची (३) बमोजिम हुनेछ।

२. एम्बुलेन्समा सवार विरामी, विरामीका आफन्त तथा स्वास्थ्यकर्मीको बिमाको दायित्व सेवाग्राही स्वयंको हुनेछ।

३. यस निर्देशिकामा आवश्यकता अनुसार संशोधन गाउँ कार्यपालिकाले गर्नेछ।

## अनुसूची-१

## (निर्देशिकाको दफा (५) सँग सम्बन्धित सेवा शुल्क सम्बन्धि दररेट)

| क्र.सं. | स्थान | | स्वीकृत दररेट | कैफियत |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

एम्बुलेन्सको तोकिएको सेवा शुल्क र माग फाराम भरी विरामी लैजान अगावै कार्यालयमा बुझाउनु पर्नेछ।

१. कच्ची सडक प्रति किलोमिटर - रु. २००/-

२. ग्राभेल सडक प्रति किलोमिटर - रु. १५०/-

३. पक्की सडक प्रति किलोमिटर - रु. ५५/-

४. सिलिण्डर अक्सिजन शुल्क प्रति घण्टा - रु. १००/-

५. रैनादेवी छहरा गाउँपालिकाको कार्यालय देखि १ किमि चक्रमा पर्ने वा स्थान सम्मका लागि रु. २००/- भाडा दर प्रस्ताव कायम गरिएको छ।

## अनुसूची-२

## (निर्देशिकाको दफा (७) को उपदफा (४) सँग सम्बन्धित)

## एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचारसंहिता :

१. एम्बुलेन्स सञ्चालन निर्देशिका, २०८० पूर्णतः पालना गर्नुपर्ने,

२. आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा इमान्दारिता र विश्वसनियता कायम गर्दै आफ्नो पेशाको मान मर्यादामा खलल पुग्ने कनै काम गर्ने नहुने,

३. मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउन नहुने,

४. विरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा विरामी तथा विरामीका परिवारलाई सधैं सम्मानपूर्वक व्यवहार गरी उच्चुतरीय सेवा प्रदान गर्नुपर्ने,

५. आफैले लिएका निर्णयहरूमा आफ्नै व्यक्तिगत रूपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने,

६. आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुको साथै आफैमा भएका पेशागत आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्ने,

७. कुनै पनि विरामीलाई ओसारपसार गर्नु अघि उसका बारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने,

८. विरामीलाई बिच बाटोमा अलपत्र हुने गरी छाड्न नहुने,

९. आफ्नो कामको सिलसिलामा पाएको कुन सूचना गोप्य राख्नुपर्ने तथा विरामीहरूबाट पाएका जानकारी तेस्रो पक्षलाई खोल्न नहुने तर कानूनी र पेशागत दायित्व निर्वाह गर्न वा विरामीका सेवामा आवश्यक परेमा त्यस्ता सूचनाको बारेमा जानकारी दिन सक्ने,

१०. अस्पताल पूर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मद्दत पुऱ्याउनु पर्ने,

११. आफुले उचित देखेका विरामीको गुणस्तरीय सेवामा प्रभाव पार्ने राम्रा पक्षहरुको जानकारी आफ्नो सुपरीवेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिनुपर्ने,

१२. नेपाल सरकारले प्रतिबन्ध लगाएका वस्तुहरू ओसारपसार नगर्ने। प्रचलित कानूनको पालना गर्नुपर्ने र त्यस्तो गरेमा नेपाल सरकारको ऐन नियमानुसार स्वयं सजायको भागिदार हुनेछ।

म ....................................... ठेगाना .................................. ना.प्र.प. नं ................................ जारी मिति ........................... जिल्ला, ड्राइभिङ लाइसेन्स नं ..................................... जारी मिति .................................................... ले माथिका उल्लिखित आचारसंहिता अध्ययन गरेको छु। पाल्पा जिल्ला रैनादेवी छहरा गाउँपालिकाको एम्बुलेन्स चलाउँदा मैले यो आचारसंहिता पूर्ण रूपमा पालना गर्ने सहमति जनाई सही छाप गरेको छु।

| | | |
|---|---|---|
| चालकको : | रोहबरमा : | प्रमाणित गर्ने व्यक्तिको : |
| दस्तखतः | दस्तखत : | दस्तखत : |
| नामः | नाम : | नाम : |
| मितिः | पद : | पद : |
| | मिति : | मिति : |
| | | कार्यालयको छापः |

## अनुसूची-३
## (निर्देशिकाको दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

- "ग" वर्गको (Common life support) एम्बुलेन्समा हुनुपर्ने औषधि र उपकरणको विवरण
- First Aid का सामानहरू
- Oxygen Cylinder, Follow meter/mask जडित वा जरुरी परेमा राख्न सकिने सवारी साधन,
- IV Injection दिन सक्ने व्यवस्था
- Stretcher Cum Board
- Stethoscope, BP Apparatus, Torchlight

प्रमाणिकरण मिति: २०८०/०४/२९

आज्ञाले
**दिनेश सारू**
प्रमुख प्रशासकीय अधिकृत